# मध्यपश्चिम विश्वविद्यालय

वीरेन्द्रनगर, सुर्खेत

# Mid-West University

Birendranagar, Surkhet

## ग्र्याजुएट स्कुल अफ एग्रीकल्चर एण्ड फरेष्ट्री

स्नातक तह (कृषि कार्यक्रम) को

प्रवेश परीक्षा तथा क्याम्पस भर्ना सम्बन्धी

## जानकारी पुस्तिका

२०८३

**कृपया यो पुस्तिका ध्यान दिएर पढ्नुहोला ।**

प्रवेश परीक्षाकोअनलाईनफाराम मध्यपश्चिम विश्वविद्यालयकोWebsite: entrance.mu.edu.npमार्फत Online भर्न सकिने छ ।साथै जानकारी पुस्तिकामध्यपश्चिम विश्वविद्यालयकोवेबसाइटmu.edu.np बाट downloadगर्न सकिने छ ।

## कृषि मूलश्च जिवनम्

स्नातक तह (कृषि कार्यक्रम) को प्रवेश परीक्षाका लागि उपयोगी पुस्तिका

मध्यपश्चिम विश्वविद्यालय नेपाल सरकार द्वारा सन् २०१० मा स्थापित उच्च शिक्षा प्रदान गर्ने स्वायत्त सार्वजनिक शिक्षण संस्था हो। अध्ययन, अध्यापन तथा अनुसन्धानको माध्यमवाट गुणस्तरिय र स्तरयुक्त सर्वशुलभ पहुँचसहित प्रतिस्पर्धात्मक उच्च शिक्षाको अवसरहरु विस्तार गर्दै दुर्गम लगायत सवै क्षेत्रका जनताको सेव ागर्ने र विश्वव्यापि शिक्षा समुदायलाई समृद्ध तथा सवल वनाउने लक्ष्य राखेको छ । यस विश्वविद्यालयले वर्तमान गतिशिल स्थानिय, राष्ट्रिय र विश्वव्यापि परिप्रेक्ष्यमा सार्वजनिक तथा निजी क्षेत्रहरुको कार्यक्षमता तथा संस्थागत क्षमता सवलिकरण गर्नका लागि आवश्यक व्यवस्था मिलाउन प्राविधिक सहयोग समेत प्रदान गर्न चाहन्छ । विश्वविद्यालयको केन्द्रिय प्रशासन कार्यलय र केन्द्रिय क्याम्पस सुर्खेतको विरेन्द्रनगरमा रहेको छ भने कर्णाली प्रदेश लगायत देशका विभिन्न स्थानमा आङ्गिक तथा सम्वन्धन प्राप्त क्याम्पसहरु तथा संस्थाहरु रहेका छन् ।

मध्यपश्चिम विश्वविद्यालय समर्पित गुणस्तरिय शिक्षा, निरन्तर सिकाई, रचनात्मकता र नविनतम् अनुसन्धानमा आधारित संस्कृतिको पर्वद्धन गर्दै नेपाली जनता र विश्वव्यापि समुदायमाझ शिक्षण सेवा लगायत अनुसन्धानात्मक शैक्षिक पद्धतिलाई आत्मसाथ गर्दै उत्कृष्टताको केन्द्र वन्न प्रयासरत छ र Graduate School of Agriculture and Forestry ले कर्णालि प्रदेश लगायत अन्य सवै क्षेत्रका जनतालाई गुणस्तरीय प्राविधिक शिक्षाका अवसरहरु प्रदान गर्दै राष्ट्रिय तथा अन्तराष्ट्रिय सिकाई समुदायमा उपयुक्त प्राविधिक शिक्षा विस्तार गर्ने विश्वविद्यालयको नयाँ अन्वेषणयुक्त कार्यक्रम हो । जसले ज्ञानको अभिवृद्धि, उन्नति, प्रसार र प्रयोग केन्द्रको रुपमा आफ्नो भुमिकालाई निर्वाह गर्दछ। कृषि क्षेत्रको विकासको सन्दर्भमा यसले कर्णाली प्रदेशको साथै देशको शैक्षिक पहिचानलाई आकार दिने लक्ष्य तय गरेको छ। यस संस्थाले आफुलाई सामाजिक सांस्कृतिक रुपान्तरणको वाहक र कर्णाली प्रदेशको आर्थिक वृद्धि, नवप्रर्वद्धन र दिगो विकासको लागि शक्तिशाली यन्त्र, देशमा विश्व स्तरको ज्ञान, सीप र प्रविधि विकासको दरिलो संस्थाको रुपमा लिएको छ। मध्यपश्चिम विश्वविद्यालय सर्वोत्कृष्ट शिक्षण पद्धति, अनुसन्धान र विस्तारका गतिविधिहरुमा शैक्षिक उत्कृष्टता हासिल गर्नका लागि प्रयासरत Graduate School of Agriculture and Forestry को उदेश्य राष्ट्र र समुदायको हितको लागि ज्ञानको सिकाई र प्रसारलाई प्रवर्द्धन गर्नुको साथै भविष्यमा कृषिमा शैक्षिक उत्कृष्टताको केन्द्र वन्ने योजना रहेको छ । यस मध्यपश्चिम विश्वविद्यालयका सातवटा Graduate Schoolमा संचालित विषयहरुमा विश्वविद्यालयको रणनितिक योजना अनुसार आफ्नो उदेश्य पुर्ति गर्नका लागि आर्थिक वर्ष २०७८/७९ को शैक्षिक सत्र देखि Graduate School of Agriculture and Forestry अर्न्तगत स्नातक तह संचालन गरिसकेको छ भने निकट भविष्यमा यस Graduate School of Agriculture and Forestry अर्न्तगत स्नातकोत्तर तह संचालन गर्ने लक्ष्य अनुरुप आवश्यक पुर्वाधार निमार्ण र अन्य शैक्षिक कार्यहरु संचालन गरिरहेको छ।

## २. ग्र्याजुएट स्कुल अफ एग्रीकल्चर एण्ड फरेष्ट्रीको छोटो परिचय

नेपाल कृषि प्रधान देश हो। यसले करिब ५७.३ (कृषि गणना, २०७८) प्रतिशत जनसंख्यालाई प्रत्यक्ष रुपमा रोजगारी प्रदान गरी कृषि तथा वनले २५.१६ प्रतिशत कुल ग्राहास्थ उत्पादनमा योगदान पुऱ्याई देशको आर्थिक उन्नतीमा मेरुदण्डको रुपमा अहम भुमिका प्रदान गरिरहेको छ। साथै देशमा संचालित कलकारखानाहरुको कच्चा पदार्थ उपलब्ध गराई देशको बहुसङ्ख्यक जनसंख्यालाई रोजगारीको अवशर प्रदान गरेको छ।

त्रिभुवन विश्वविद्यालय, पोखरा विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय तथा काठमाडौं विश्वविद्यालय लगायत अन्य विश्वविद्यालयहरूले प्राविधिक विषयमा कार्यक्रम सञ्चालन गरी राष्ट्र विकासमा अतुलनीय योगदान पुऱ्याउँदै आइरहेको वर्तमान परिप्रेक्ष्यमा ग्रामीण क्षेत्रलाई समेत प्राविधिक क्षेत्रमा सवल र सुदृढ बनाउने अभिप्रायका साथ यस मध्यपश्चिम विश्वविद्यालय सुर्खेतले पनि आर्थिक वर्ष ०७८/०७९ को शैक्षिक सत्रदेखि ग्र्याजुएट स्कुल अफ एग्रीकल्चर एण्ड फरेष्ट्री स्थापना गरेको हो । हाल यो स्कुल अर्न्तरगत B.Sc. Agriculture संचालन भइरहेको र आ.व. ०८३/८४ मा पनि निरन्तरता दिइएको छ साथैआगामी दिनहरूमा बाली विज्ञान, प्राङ्गारीक कृषि, पशुविज्ञान, पशु चिकित्सा र वन विज्ञानका विधाका विभिन्न विषयहरूका स्नातक र स्नातकोत्तर तहमा समेत बिभिन्न थप कार्यक्रम समेत सञ्चालन गर्ने योजना बनाएको छ।

देश विकासको मेरुदण्डको रुपमा रहेको प्राविधिक शिक्षाको जनशक्ति स्वदेशबाटै पूरा गर्न र बाँकी रहेका दक्ष प्राविधिक जनशक्ति विदेशी मुलुकमा गई आय आर्जन अर्थात् विश्व सामु पहिचान गराउन देशका लागि समेत गर्व गर्ने बिषय भएकाले नेपालको शिक्षा नीति अनुरुप सबैविकास क्षेत्रलाई समेट्ने गरी बहुविश्वद्यालयको धारणा अगाडि सरेको छ। क्षेत्रगत विकास मात्र नभई सिङ्गो नेपाल र विश्वलाई समेत चिनारी दिने हेतुले प्राविधिक बिषयमा अध्ययन अध्यापन गराउने लक्ष्य यस विश्वविद्यालयले बोकेको छ। त्यसै लक्ष्य अनुरुप कर्णाली क्षेत्रका जनताको असीम चाहना अनुरुप स्थापित भएको यस मध्यपश्चिम विश्वविद्यालयले विभिन्न संकायमा स्नातक तह सञ्चालन गरेको छ भने आगामी बर्षहरूमा स्नातक तहका अन्य थप कार्यक्रमहरू पनि सञ्चालन गर्दै जानेछ भने साथै निकट भविष्यमा स्नातकोत्तर तह र विभिन्न विधामा Research Center हरू सुरु गर्ने लक्ष्य लिएको छ जसले गर्दा यस क्षेत्र र समग्र देशको प्राविधिक जनशक्ति उत्पादनमा थप सहयोग र अनुसन्धानात्मक शिक्षाको विकास हुने विश्वास लिईएको छ । यही अवधारणा अनुसार यस ग्र्याजुएट स्कुल अफ एग्रीकल्चर एण्ड फरेष्ट्रीमा कर्णाली क्षेत्रका १० जिल्ला लाई एग्रीकल्चर कार्यक्रम अर्न्तगत कोटा सुरक्षित गरिएको छ ।

## ३. स्नातक तह (कृषि विषयको) प्रवेश परीक्षा सम्वन्धि व्यवस्था

क्याम्पसमा भर्ना भईपढ्न चाहाने आवेदकहरुले अनिवार्यरुपमा Graduate School of Agriculture and Forestry (GSAF) ले संचालन गरेको प्रवेश परीक्षा दिई तोके अनुसार न्युनतम अङ्कभार तथा मापदण्ड पूरा गरी प्रवेश परीक्षामा सफल भएको हुनु पर्ने छ ।

## ३.१ क्यामपसको भर्ना

मध्यपश्चिम विश्वविद्यालय, Graduate School of Agriculture and Forestry अर्न्तगत कृषि कार्यक्रमको स्नातक तहहरुमा अध्ययन गरिने कार्यक्रमको भर्ना लक्ष्य :

| कार्यक्रम | नियमित (निशुल्क वृत्तिं) १२ प्रतिशत | पूर्ण शुल्किय (८८ प्रतिशत) |
|---|---|---|
| B.Sc.Ag(कृषि) ४ वर्षे कार्यक्रम | १२ | ८४ |

क्याम्पसको भर्ना सम्वन्धमा निम्न दुई किसिमका शिक्षण शुल्क लिने गरी आवेदकहरुवाट भर्ना गरिने व्यवस्था छ :

**क) निशुल्क वृत्ति भर्ना**

**ख) पूर्ण शुल्कीय भर्ना**

GSAF मा  भर्ना सम्बन्धमा निम्न तिन किसिमका शिक्षण शुल्क लिने गरी आवेदकहरू भर्ना गरिने व्यवस्था छ : १) निःशुल्कवृत्ति भर्ना २) पूर्णशुल्कीय भर्ना ३)विदेशी नागरिक भर्ना।

निःशुल्कवृत्ति विद्यार्थीको रुपमा भर्ना पाएका विद्यार्थीहरूले न्यूनतम शिक्षण शुल्क तिर्नेछन् र बाँकी आवेदकले पूर्ण शुल्कीय कार्यक्रम अन्तर्गतको शुल्क तिरी भर्ना हुन सक्नेछन् । निःशुल्क वृत्ति, पूर्णशुल्कीय, विदेशी आवेदक र प्रायोजित भर्ना तथा सेमेष्टर शुल्क-विवरण दफा ८ मा दिइएको छ।

### ३.२ प्रवेश परीक्षाको आवेदनका लागि न्यूनतम योग्यता

एस.एल..सि वा सो सरहको परीक्षामा उतिर्ण भई १०+२ वा I. Sc. (Bio/Physics), I.Sc .Agriculture, वाI.Sc.Veterinary Sciene वा  १०+२ (कृषि) वा सो सरहको परीक्षामा उतिर्ण भई कम्तिमा ४० प्रतिशत अंक प्राप्त गरी वा Letter Grading Systemअर्न्तगत भए न्युनतम ‘C’Grade वा २.०० ग्रेड भएका विद्यार्थीहरुले आवेदन दिई परीक्षामा सामेल हुन पाउने छन् ।

### ३.३ प्रवेश-परीक्षा

- B.Sc Ag. तहको प्रवेश परीक्षा ग्र्याजुएट स्कुल अफ एग्रीकल्चर एण्ड फरेष्ट्रिको डीन कार्यलय/भर्ना समिति / छात्रवृत्ति समितिले संचालन गर्नेछ ।
- प्रवेश परीक्षा तथा भर्ना सम्बन्धी सम्पुर्ण कार्यहरु गर्नको लागि GSAF को संयोजकको अध्यक्षतामा भर्ना समिती/छात्रवृत्ति समितिको गठन हुनेछ।
- प्रवेश परीक्षा तोकेको मितिमा नै हुनेछ ।
- प्रवेश परीक्षाको अङ्कभार १०० प्रतिशत हुनेछ ।
- प्रवेश-परीक्षामा सम्मिलित भई उत्तीर्ण भएका आवेदकहरूलाई मात्र योग्यताक्रमको आधारमा स्कूलमा भर्नाको लागि आवेदन दिन योग्य मानिनेछ ।
- I. Sc. तथा कक्षा ११ र १२ तह सम्मको पाठ्यकमको आधारमा अनिवार्य अंग्रेजी,गणित, भौतिकशास्त्र, रसायन शास्त्र, प्राणीशास्त्र, वनस्पति शास्त्र, कृषि तथा सामान्य ज्ञान गरी सात विषय समावेश गरी प्रवेश परीक्षा लिइनेछ । उक्त विषयहरूको प्रवेश परीक्षाको पाठ्यक्रम परिशिष्ट खण्डमा दिइएको छ ।
- १०० पूर्णाङ्कको प्रवेश परीक्षा एकै सिटमा २ घण्टाको अवधिमा लिइने छ ।
- प्रवेश परीक्षामा प्रवेशपत्रका साथमा परिचय खुलाउने प्रमाण पत्र तथा बैंक भौचरको सक्कल प्रति पनि अनिवार्य रुपमा ल्याउनु पर्नेछ । यी कागजात विना परीक्षामा सम्मिलित हुन दिइने छैन ।

### ३.४ प्रवेश पत्र वितरण

प्रवेश पत्र http://103.140.1.129:9034 मार्फत अनलाईन वाट लिन सकिनेछ । डीन कार्यलयवाट फारम प्रमाणीकरण भईसके पश्चात विद्यार्थीले सोहि पोर्टल मार्फत Admit card डाउनलोड गर्न सक्नेछन् । प्रवेश परीक्षामा सामेल हुन आउँदा साथमा नागरिकता वा राहदानी वा सवारी चालक अनुमति पत्रको सक्कल देखाउनु पर्ने छ । अन्यथा परीक्षा हलमा प्रवेश पाईने छैन ।

## ४.प्रवेश परीक्षाको नतिजा प्रकाशन

प्रवेश परीक्षाको कूल प्राप्ताङ्क प्रतिशतलाई प्रवेश प्राप्ताङ्क कायम गरिनेछ । सोही प्रवेश प्राप्ताङ्कको आधारमा प्रवेश-परीक्षाको लागि ग्र्याजुएट स्कुल अफ एग्रीकल्चर एण्ड फरेष्ट्रितोकेको **न्यूनतम उत्तिर्णाङ्क ४०% (चालिस प्रतिशत)** र सो भन्दा बढी प्राप्ताङ्क भएकाहरूको योग्यताक्रम सूची मध्यपश्चिम विश्वविद्यालय को वेभसाइट www.mu.edu.np मा वा ग्र्याजुएट स्कुल अफ एग्रीकल्चर एण्ड फरेष्ट्रि, डीन कार्यालयको सुचना पाटीमा हेर्न सकिनेछ र भर्ना सम्बन्धि सम्पूर्ण कार्यहरू मेरिट लिस्टको आधार हुने छ ।

## ५.विद्यार्थी भर्ना र छात्रवृत्तिको आधारहरु

- विश्वविद्यालयबाट प्रदान गरिने सम्पूर्ण छात्रवृत्ति संख्या मध्ये ५५ प्रतिशत खुल्ला एवम् ४५ प्रतिशत नेपाल सरकारद्धारा निर्धारीत समावेशी वर्गिकरणका आधारमा प्रदान गरिनेछ ।
- सम्पुर्ण भर्ना भएका विद्यार्थीको कुल संख्याको १२ प्रतिशतले ट्युसन शुल्कमा शत प्रतिशत छुट पाउने र अन्य खर्च विश्वविद्यालयको नियमअनुसार लागू हुने छ ।
- यस शैक्षिक सत्र २०८३/०८४ मा भर्ना हुने कुल विद्यार्थी संख्या ९६ हुने भएकोले विश्वविद्यालयको छात्रवृत्ति योजनाका लागि १२ सिट आरक्षित गरिनेछ। जसमा ६ सिट खुल्ला र ६ सिट समावेशी कोटावाट पुर्ती गरिने छ ।
- पूर्णकालिन छात्रवृत्ति अन्तर्गत खुल्ला र समावेशीतामा आधारीत छात्रवृत्ति प्रदान गर्दा देहाय बमोजिम मूल्यांकन गरी योग्यताक्रमको सूची तयार गर्नुपर्नेछ ।

| खुल्ला तर्फ | | | समावेशी तर्फ | | |
|---|---|---|---|---|---|
| सि.नं. | विवरण | अधिकतम् अंक | सि.नं. | विवरण | अधिकतम् अंक |
| १. | अघिल्लो तहको परीक्षाको नतिजाको आधारमा दिईने अंक | ५० | १. | अघिल्लो तहको परीक्षाको नतिजाको आधारमा दिईने अंक | ५० |
| २. | प्रवेश परीक्षामा प्राप्त अंक | ५० | २. | प्रवेश परीक्षामा प्राप्त अंक | ५० |
| | | | ३. | समावेशीताको वर्गिकरणका आधारमा प्राप्त अंक | २० |
| जम्मा | | १०० | | | १०० |

- समावेशी कोटामा Multiple choice हुनेछ र सवै कोटाको लागि विद्यार्थीको छनौट ५०-५० र ५०-३०-२० को आधारमा गरिनेछ ।
- समावेशी कोटा छनौटको प्रक्रिया जानकारी पुस्तिकाको नियम अनुसार हुनेछ ।
- समावेशी कोटा खाली भएमा त्यो सिट स्वत: Full Payee कोटामा जानेछ ।
- नि:शुल्क वृत्तिको हकमा भर्ना समितिले योग्यताक्रमको सूची तयार पार्दा कुल १०० अंकलाई पूर्णाङ्क कायम गरी विद्यार्थीहरुको प्राप्ताङ्क मापन गर्नेछ ।

- नयाँ भर्नाको लागि लिएको प्रबेश परिक्षाको प्राप्ताङ्क बापत विद्यार्थीहरुले अधिकतम ५० अंक प्राप्त गर्नेछन । सो प्रयोजनका लागि प्रवेश परीक्षामा विद्यार्थीहरुले प्राप्त गरेको कुल प्राप्ताङ्कलाई ५० प्रतिशतमा रुपान्तरण गरिनेछ ।
- छात्रवृती र समावेशी कोटा वाहेक वांकी ८४ सिट पुर्ण शुल्क भुक्तानीका लागि छुट्याइएको छ । जसमा प्रवेश परिक्षाको प्राप्तांकको आधारमा मेरीट लिस्ट तयार गरीने छ ।
- विभिन्न भर्ना किसिम जस्तै सामुदायिक विद्यालयको लागी स्थानिय निकायको पत्र (नगरपालिका वा गाँउपालिकाको वडा कार्यलय, समावेशीको लागि जिल्ला प्रशासन कार्यलय वा स्थानिय निकाय, अपांगको लागि परिचय पत्र, महिलाको नागरिकता, जनजातीको लागि जिल्ला प्रशासन वा स्थानिय निकायको सिफारिस हुनु पर्नेछ ।
- छात्रवृति श्रेणीमा भर्ना हुने उम्मेदवारले सामुदायिक विद्यालयवाट SEE अध्ययन गरी आफु भर्ना हुने किसिम को प्रमाणपत्र सम्वन्धित जिल्ला प्रशासन कार्यलयवाट प्राप्त गरी भर्ना हुने दिनमा सक्कल प्रमाण पत्र वुझाउनु पर्ने छ । आफ्नो category वाहेक अन्य समावेशी गणनाकोलागि समेत जि.प्र.का. को पत्र अनिवार्य गरीएको छ ।

| खुल्ला तर्फ | सिट संख्या | समावेशी तर्फ | सिट संख्या |
|---|---|---|---|
| Entrance first topper | २ (दुई) | १. महिला<br>२. आदिवासी / जनजाति<br>३. मधेसी<br>४.दलित<br>५. अपांग<br>६. पिछडिएको क्षेत्र | ६ (छ जना) |
| Entrace second topper | २ (दुई) | | |
| Entrance third topper<br>or<br>Female Topper | २ (दुई) | | |
| जम्मा | ६ (छ जना ) | जम्मा | ६ (छ जना) |

## ६. छात्रवृति सम्बन्धी व्यवस्था

छात्रवृत्ति सम्बन्धी व्यवस्था: ग्र्याजुएट स्कुल अफ एग्रीकल्चर एण्ड फरेष्ट्रिमा अध्ययनरत विद्यार्थीहरुका लागि निम्नानुसारका छात्रवृत्तिहरु प्रदान गरिनेछ ।

(क) निःशुल्क छात्रवृत्ति

(ख) विशेष छात्रवृत्ति

### ६.१ निःशुल्क छात्रवृत्तिसम्बन्धी व्यवस्था

(क) ग्र्याजुएट स्कुल अफ एग्रीकल्चर एण्ड फरेष्ट्रिमा भर्ना हुने विद्यार्थीहरुमध्ये कुल भर्ना संख्याको समावेशीको लागि १२ प्रतिशतलाई निःशुल्कवृत्ति प्रदान गरिने छ ।

(ख) निःशुल्कवृत्तिप्राप्त गर्ने विद्यार्थीले छात्रवृत्ति कायम रहेको अवधिभर मासिक शिक्षण शुल्क वरावरको रकम छात्रवृत्ति स्वरुप प्राप्त गर्नेछन् र त्यस बाहेक विश्वविद्यालयले तोकेको अन्य शुल्कहरु भने तिर्नु पर्नेछ ।

(ग) नेपाल सरकारको कोषबाट तलबखाने गरी तलबी बिदामा अध्ययन गरीरहेका विद्यार्थीले निःशुल्कवृत्ति प्राप्त गर्ने छैन ।

(घ) भर्नाको समयमा प्रदान गरिएको निशुल्कवृत्ति लगातार तीनवटा सेमेस्टरमा अनुत्तिर्ण रहेमा कायम नरहने र त्यसपछिका सेमेस्टरमा पूर्णशुल्कीय तर्फ को शुल्क तिर्नुपर्नेछ ।

(ङ) निःशुल्कवृत्ति प्राप्त गरेको विद्यार्थी सत्रान्त परीक्षामा अनुतीर्ण भई छात्रवृत्तिबाट मुक्त भएको खण्डमा सो विद्यार्थीले प्राप्त गरेको छात्रवृत्ति बाँकी अवधीको लागि छात्रवृत्ति वितरण गर्दा तयार गरीएको वैकल्पीक सूचीमा उल्लेखित उमेद्‌वारहरुलाई रोल क्रमको आधारमा प्रदान गरीनेछ ।

(च) निःशुल्कवृत्तिको लागि विद्यार्थीको छनौट गर्दा विद्यार्थीहरुको कुल प्राप्ताङ्क वरावर भएको खण्डमा भर्नाका लागि लिइएको प्रवेश परीक्षामा बढी अंक प्राप्त गर्ने विद्यार्थीलाई पहिलो प्राथमिकता दिइने छ । यदि प्रवेश परीक्षाको अंक पनि वरावर भएको खण्डमा अघिल्लो शैक्षिक कार्यक्रमको प्राप्ताङ्कको आधारमा गणना गरीने छ ।

(छ) निःशुल्कवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको योग्यताक्रमको सूची भर्ना समितिले निर्धारण गर्नेछ ।

**६.१.१ निःशुल्क छात्रवृत्ति खुल्ला ६ कोटाको लागि**

(क) निःशुल्कवृत्ति तर्फ खुल्ला ६ कोटाको लागि प्रवेश परिक्षाको प्राप्ताङ्कको आधारमा ५० प्रतिशत र अघिल्लो शैक्षिक तहको ५० प्रतिशत अंकबाट योग्यताक्रम सुचिको पहिलो तीन (३) जनाले प्राप्त गर्नेछन् तर ३ जना मध्ये महिला उम्मेरदवार छनौट नभएको खण्डमा एक महिला Topper लाई समावेश गरि योग्यताक्रम सूची तयार गरिनेछ ।

**६.१.२ निःशुल्क छात्रवृत्ति समावेशी ६ कोटाको लागि**

(क) निःशुल्क वृत्तिको हकमा भर्ना समितिले योग्यताक्रमको सूची तयार पार्दा कुल १०० अंकलाई पूर्णाङ्क कायम गरी विद्यार्थीहरुको प्राप्ताङ्क मापन गर्नेछ ।

(ख) प्रवेश परीक्षा १०० पुर्णाङ्कमा प्राप्त गरिएको अंकको आधारमा ५० अङ्क प्राप्त गर्नेछन । सो प्रयोजनका लागि प्रवेश परीक्षामा विद्यार्थीहरुले प्राप्त गरेको कुल प्राप्ताङ्कलाई ५० प्रतिशतमा रुपान्तरण गरिनेछ ।

(ग) अघिल्लो शैक्षिक तहको प्राप्ताङ्क लाई ३० प्रतिशतमा रुपान्तरण गरिनेछ ।

(घ) निःशुल्कवृत्ति नेपाल सरकार द्वारा निर्धारित समावेशी सिद्धान्तलाई अवलम्बन गर्दै निम्न समुह अर्न्तरगत प्रतिनिधित्व गर्ने विद्यार्थीलाई कुल २० अंकलाई पुर्णाङ्क कायम गरी निम्नानुसार अंक प्रदान गरिनेछ ।

| क्र. सं. | प्रकार | अंक |
|---|---|---|
| १ | महिला | ७ |
| २ | आदिवासी जनजाती | ५ |
| ३ | मधेसी | ४ |
| ४ | दलित | २ |
| ५ | अपाङ्ग | १ |
| ६ | पिछडिएको क्षेत्र | १ |

(ङ) एक वा एकभन्दा बढी समावेशी समुहबाट प्रतिनिधित्व गर्ने आवेदकहरुले आफुले प्रतिनिधित्व गर्ने सबै समुहहरु अनलाईन आवेदन फाराममा छनौट गनुपर्नेछ । उक्त समावेशी समुहहरुको सम्बन्धित निकायबाट प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा अनलाईन आवेदन फाराममा समावेश गनुपर्नेछ ।

**६.२ विषेश छात्रवृत्ति**

ग्याजुएट स्कुल अफ एग्रीकल्चर एण्ड फरेष्ट्रिअन्तर्गत संचालित प्रत्येक कार्यक्रमको प्रत्येक कक्षाको सेमेस्टरमा पूर्ण शुल्किय मध्येबाट प्रथम हुने १ जना विद्यार्थीलाई विशेष छात्रवृत्ति स्वरूप सेमेस्टर शुल्क मिनाहा गरिने छ ।

**७. पुर्ण शुल्किय कोटा**

शुल्क तिर्ने वर्ग अर्न्तगत छनौट हुने ८४ विद्यार्थीहरु मध्येवाट निम्नानुसार लागु हुनेछ ।

**७.१ कर्णाली प्रदेश कोटा** :

यस कोटा अर्न्तगत २० वटा सिट छुट्याइएको छ । कर्णाली प्रदेश भित्रवाट प्रतिस्पर्धात्मक तरिकाले प्रत्येक जिल्लाको लागि १/१ सिट छुट्टाईएको छ । उपरोक्त कोटामा भर्ना हुने सम्वन्धित विद्यार्थीहरु सामुदायिक तथा सरकारी विद्यालयवाट SEE उतिर्ण गरेको हुनु पर्ने छ र सो को प्रमाणपत्र जि.प्र.का. वा स्थानिय निकायवाट प्राप्त गरी पेश पर्ने छ । उपरोक्त प्रावधान अनुसार भर्ना हुनकोलागि डीन कार्यलय वाट संचालित प्रवेश परीक्षा उतिर्ण हुनु पर्ने छ। यस्तो कोटामा आ-आफ्नो जिल्लाका आवेदकहरु विचको प्रतिस्पर्धाको आधारमा सीटहरुमा भर्ना गरिने छ । यसरी छुट्टाइएको कोटा कुनै जिल्लाको पुर्ति नभएमा उक्त सिट पुर्ण शुल्किय प्रतिस्पर्धामा स्वतः जाने छ । यस कोटामा आवेदन दिने विद्यार्थी कर्णाली प्रदेशको नागरिकता भएको हुनुपर्ने तथा कम्तीमा पनि प्रवेशिका परीक्षा सरकारी वा सामुदायिक विद्यालयबाट उत्तीर्ण भएको हुनुपर्नेछ ।

**७.२ शिक्षक-कर्मचारीका छोराछोरी छात्रवृत्ति सम्वन्धी व्यवस्था** :

विश्वविद्यालयका विभिन्न सङ्काय अन्तरगत सबै तह र कार्यक्रममा अध्ययनरत विश्वविद्यालयमा कार्यरत सम्पूर्ण शिक्षक-कर्मचारीका छोराछोरीलाई निम्नानुसार छात्रवृत्ति प्रदान गरिनेछ :

(क)साधारण धारतर्फ (कोटा प्रणाली बाहेकका शैक्षिक कार्यक्रममा) अध्ययन गर्ने शिक्षक- कर्मचारीका छोराछोरीहरुका हकमा मासिक शिक्षण शुल्क बराबरको छात्रवृत्ति प्रदान गरिनेछ । यसबाहेक अन्य लाग्ने शुल्कहरु भने तिर्नुपर्नेछ ।

(ख)प्राविधिक धार तथा कोटा प्रणाली भएका प्रत्येक सँस्थाका प्रत्येक शैक्षिक तहमा शिक्षक-कर्मचारीका छोराछोरीहरुका हकमा **एक जना छात्र र एक जना छात्रालाई** प्रवेश परीक्षाको प्राप्ताङ्कको आधारमा मासिक शिक्षण शुल्क बराबरको छात्रवृत्ति प्रदान गरिनेछ । यस बाहेक अन्य लाग्ने शुल्कहरु भने तिर्नुपर्नेछ ।

(ग) यस छात्रवृत्ति अन्तरगत अध्ययन गर्ने शिक्षक-कर्मचारीका छोराछोरी कुनै कारणले वीचैमा छात्रवृत्तिबाट मुक्त भएको खण्डमा निजले प्राप्त गरेको छात्रवृत्ति भर्नाको समयको योग्यताक्रममा रहेका बैकल्पिक उम्मेदवारले बाकी अवधिको लागि प्राप्त गर्नेछन्।

**७.३ विदेशी नागरिकहरूका लागि सुरक्षित कोटा**

ग्र्याजुएट स्कुल अफ एग्रीकल्चर एण्ड फरेष्ट्रि अर्न्तरगत सञ्चालित स्नातक कृषि विषयको कार्यक्रममा पूर्णशुल्कीय सीटको ४ वटा सिट विदेशी विद्यार्थीहरूको लागि व्यवस्था गरिएको र उक्त सिटको लागि प्रवेश परीक्षा निम्न अनुसारको हुनेछ।

| क्र.सं. | बिदेशी विद्यार्थीहरूको किसिम | प्रवेश परीक्षाको किसिम |
|---|---|---|
| १ | नेपालकै क्याम्पस/उच्च माध्यमिक विद्यालयमा अध्ययन गरी आएका विदेशी विद्यार्थीहरू | ग्र्याजुएट स्कुल अफ एग्रीकल्चर एण्ड फरेष्ट्रिले तोकेको प्रवेश परीक्षामा सामेल भई उत्तीर्ण हुनुपर्नेछ। |
| २ | SAARC देशका विदेशी विद्यार्थीहरू | ग्र्याजुएट स्कुल अफ एग्रीकल्चर एण्ड फरेष्ट्रिले संचालन गर्ने नेपाली विद्यार्थीहरू सरह प्रवेश परीक्षामा सामेल भई उत्तीर्ण हुनुपर्नेछ। |
| ३ | SAARC देशभन्दा बाहेकका अन्य विदेशी विद्यार्थीहरू | ग्र्याजुएट स्कुल अफ एग्रीकल्चर एण्ड फरेष्ट्रिले तोकेको प्रवेश परीक्षा अनुसार भर्ना गर्न सकिनेछ। |

यसरी छुटयाइएको कोटा पूर्ति नभएमा पूर्ण शुल्कीय कार्यक्रममा आवेदन दिने मध्येबाट योग्यता क्रम अनुसार भर्ना गरिने छ।

**७.४ प्रायोजित कोटा**

यस कोटा अर्न्तगत विभिन्न छात्रवृति र एक पटकमा भर्ना गरिने अधिकतम् विधार्थी संख्या वाहेक कुनै पनि तहको सरकार, सरकारी निकाय या संघ संस्थावाट पुर्ण रुपमा शुल्क तिर्ने गरी संस्थागत प्रायोजनमा विद्यार्थी सिफारिस भई आएमा कुल भर्ना हुने विधार्थी संख्याको १० प्रतिशत हुन आउने १० जना र सुर्खेत जिल्लामा अवस्थित स्थानिय निकायवाट प्रति वर्ष प्रति शैक्षिक कार्यक्रममा १ जनाको दरले बढिमा १० जनासम्म गरी प्रति वर्ष, प्रति शैक्षिक कार्यक्रम बढिमा २० जना सम्म प्रायोजित कोटामा थप विद्यार्थी भर्ना गर्न सकिने छ। यसरी प्रायोजित कोटामा भर्ना हुने विद्यार्थीका लागि विश्वविद्यालय र संघ, प्रदेश वा स्थानिय तह तथा अन्य संस्थाहरुको विच :इग को आधारमा भर्ना गरिने छ र निज विद्यार्थीहरुले सम्वन्धित ग्र्याजुएट स्कुलवाट संचालित प्रवेश परीक्षाका सम्पुर्ण पक्रिया र शर्तहरु पुरा गरेको हुनुपर्ने छ।

**७.५ खुल्ला कोटा**

खुल्ला र पुर्ण शुल्क तिर्ने श्रेणी अर्न्तगत आवेदन गर्ने बाँकि उम्मेदवारहरुको बीच पुर्ण शुल्किय प्रतिस्पर्धा हुने छ। यस category को आधार प्रवेश परीक्षाको प्राप्ताङ्क लाईं कायम गरिनेछ।

<u>विद्यार्थी भर्ना सिट संख्या</u>

**Total Students Quota – 96**

**100 %**




**Note:** If female candidate do not exist in 3 topper list of 55 % open category then we have to include one female topper from merit list excluding third topper from the merit list.

८.भर्ना हुँदा पेस गर्नुपर्ने कागजातपत्रहरू

भर्ना हुनका लागि नाम प्रकाशित भएका आवेदकहरूले निम्न लिखित कागजपत्रहरूका साथ आफै वा आफ्नो प्रतिनिधिमार्फत तोकिएको मिति भित्र भर्ना हुनुपर्ने छ ।

- Graduate School of Agriculture and Forestry को प्रवेश परीक्षाको Admit Card सक्कल प्रति,

- प्रवेशिका (एस.एल.सी ) वा SEE वा सो सरहको परीक्षाको लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्रको सक्कल र प्रतिलिपि १/१ प्रति ।
- प्रवीणता प्रमाणपत्र तह, उच्च माध्यामिक तह, १०+२ तह वा सो सरहको परीक्षामा कुल पूर्णाङ्कको न्युनतम ४० प्रतिशत अङ्क प्राप्त गरेको लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्रको सक्कल र प्रतिलिति १/१ प्रति ।
- नेपाली नगरिकताको प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि १/१ प्रति,
- सामुदायिक तथा सरकारी विद्यालयबाट SEE उतीर्ण गरेको प्रमाणित सिफारिस पत्र
- समावेशि कोटाबाट निःशुल्कवृत्ति छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीरुको हकमा उक्त विद्यार्थीरुले आफ्नो समुदाय वा क्षेत्रको सामावेशी भएको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।
- अन्य विश्वविद्यालय वा बोर्डबाट प्रविणता प्रमाण पत्रतह वा सो सहरको परीक्षा उतिर्ण गर्नेहरूले सम्बन्धित बोर्डका माइग्रेशन सर्टिफिकेट, बोर्ड सर्टिफिकेट वा प्रोभिजनल सर्टिफिकेटको सक्कल र प्रमाणीत प्रतिलिपि १/१ प्रति र विदेशी आवेदकहरूले राहदानीको प्रमाणीत प्रतिलिपि पेश गर्नु पर्नेछ ।
- कुनै आवेदकले एकै समयमा एउटै वा समान स्तरको पाठ्यक्रम दुई विश्वविद्यालय वा संस्थामा दर्ता भएको खण्डमा नेपालको शिक्षण संस्था वा विश्वविद्यालयमा दर्ता गरी प्राप्त गरेको प्रमाणपत्र ( Equivalence) लाई मात्र मान्यता दिइने छ ।

**९.छनोटको आधार र सूची प्रकाशन**

प्रवेश-परीक्षाको कूल प्राप्ताङ्क प्रतिशतलाई प्रवेश प्राप्ताङ्क कायम गरिनेछ । सोही प्रवेश प्राप्ताङ्कोआधारमा परिक्षार्थीले छनोट गरेको प्राथमिकता अनुसार भर्नाको लागि योग्यताक्रमको सूची प्रकाशित गरिनेछ । सो योग्यताक्रममा ग्र्याजुएट स्कुल अफ एग्रीकल्चर एण्ड फरेष्ट्रिले तोकेको प्रवेश-परीक्षाको न्यूनतम प्राप्ताङ्क प्रतिशत वा सो भन्दा बढी प्राप्ताङ्क भएका परीक्षार्थीहरूको मात्र नाम समावेश गरिनेछ । सूची प्रकाशित गर्दा दुई वा दुई भन्दा बढी आवेदकहरूको प्रवेश प्राप्ताङ्क बराबर भएमा कुल प्राप्ताङ्कको दशमलवपछि ३ अकंको गणना गरिनेछ । यसो गर्दा जसको अङ्क बढी हुन्छ, उसैको नाम प्राथमिकताक्रमानुसार प्रकाशित गरिनेछ । यसो गर्दा पनि प्राप्ताङ्क बराबर भएमा प्रवेश परीक्षामा क्रमशःवनस्पतिशास्त्र, प्राणीशास्त्र, रसायनशास्त्र, भौतिकशास्त्र, गणित र अंग्रेजी विषयहरूको प्राप्ताङ्क जसको बढी आएको हुन्छ उसैको नाम प्रकाशित गरिनेछ ।

**१०. GSAF को भर्ना सुची प्रकाशन र भर्ना पक्रिया**

योग्यताक्रको प्रकाशित सुची अनुसार विद्यार्थी भर्ना गर्दा देहायवमोजिम पक्रिया अवलम्वन गरिनेछ ।

- योग्यताक्र सुचीमा परेका विद्यार्थीहरुको निर्धारित कोटामा भर्नाका लागि प्रथम सुची प्रकाशन गरी भर्नाका लागी १० दिनको समय दिईनेछ ।
- प्रथम भर्ना सुचिवाट निर्धारित कोटा पुरा नभएमा योग्यताक्रम सुचीवाट दास्रो भर्ना सुची प्रकाशन गरी भर्नाका लागि ७ दिनको समय दिइनेछ ।
- यसरी दोस्रो भर्ना सुचि अनुसार निर्धारित भर्ना कोटा पुरा नभएमा पुनः योग्यताक्रम सुचीकै आधारमा तेस्रो भर्ना सुची प्रकाशन गरी भर्नाका लाति ५ दिनको समय दिइनेछ ।
- तत्पश्चात पनि कुनै कोटा वाँकि रहेकम बढिमा ३ दिन भित्र भर्नाका लागि निवेदन लिई योग्यताक्रमको सुची अनुसार भर्ना गरिनेछ ।

**११.स्नातक तह (कृषि) को शुल्क सम्वन्धि व्यवस्था**
**४.स्नातक (कृषि) तहको शुल्क सम्बन्धी व्यवस्था**
**Fee structure for first semester**

| S.N. | Semester fee | For scholarship student (Rs.) | For full fee student (Rs.) | For foreign student (Rs.) | Sponsored student (Rs.) |
|---|---|---|---|---|---|
| 1 | Admission fee | 1,000 | 1,000 | 15,000 | 10,000 |
| 2 | MU Registration fee | 500 | 500 | 1,000 | 500 |
| 3 | Tuition fee | 0 | 39000 | 90000 | 60000 |
| 4 | Sports fee | 500 | 500 | 1,000 | 1,000 |
| 5 | Library fee | 500 | 500 | 1,000 | 1,000 |
| 6 | Library card | 250 | 250 | 500 | 500 |
| 7 | Identity card | 300 | 300 | 600 | 600 |
| 8 | Mid-term exam fee | 500 | 500 | 1,000 | 1,000 |
| 9 | Semester end exam fee | 650 | 650 | 650 | 650 |
| 10 | Student union fee | 100 | 100 | 200 | 200 |
| 11 | Student welfare fee | 500 | 500 | 500 | 500 |
| 12 | Field trip | 8,000 | 12,000 | 20,000 | 16,000 |
| 13 | Library deposit | 1,000 | 1,000 | 3,000 | 3,000 |
| 14 | Laboratory deposit | 1,000 | 1,000 | 10,000 | 10,000 |
| 15 | Campus security deposit | 5,000 | 5,000 | 15,000 | 15,000 |
| | **Total** | **19,800** | **62,800** | **159,450** | **119,950** |

## Fee structure from Second to eight semesters

| S.N. | Semester fee | For scholarship student (Rs.) | For full fee student (Rs.) | For foreign student (Rs.) | Sponsored student (Rs.) |
|---|---|---|---|---|---|
| 1 | Admission fee | 1,000 | 1,000 | 2,000 | 1,000 |
| 2 | Tuition fee | 0 | 39,000 | 90,000 | 60,000 |
| 3 | Sports fee | 500 | 500 | 1,000 | 1,000 |
| 4 | Library fee | 500 | 500 | 1,000 | 1,000 |
| 5 | Library card | 0 | - | - | - |

| | | | | | |
|---|---|---|---|---|---|
| 6 | Identity card | 0 | - | - | - |
| 7 | Mid-term exam fee | 500 | 500 | 1,000 | 1,000 |
| 8 | Semester end exam fee | 650 | 650 | 650 | 650 |
| 9 | Student union fee | 100 | 100 | 200 | 200 |
| 10 | Student welfare fee | 500 | 500 | 500 | 500 |
| 11 | Field trip | 0 | 0 | 0 | 0 |
| 12 | Library deposit | 0 | - | - | - |
| 13 | Laboratory deposit | 0 | - | - | - |
| 14 | Campus security deposit | 0 | - | - | - |
| | **Total** | **3,750** | **42,750** | **96,350** | **63350** |
| **Total fee from second to eight semesters** | | **26250** | **299250** | **674,450** | **457450** |
| **Total (Including I Semester)** | | **46,050** | **362,050** | **833,900** | **577400** |

नोटः प्रवेश परीक्षा फारम शुल्क रु २००० (दुई हजार मात्र) लाग्ने छ।

## १२. भर्ना रद्ध र धरौटी रकम फिर्ता

- सक्कल प्रमाणपत्रहरू रुजु गर्दा प्राप्ताङ्क वा अन्य विवरणहरू फरक हुन आएमा वा अन्य कुनै किसिमबाट गल्तीले नाम प्रकाशित भएमा त्यस्ता आवेदकलाई भर्ना हुन दिने छैन । यदि कुनै पनि गल्तीले भर्ना भएको भए तापनि भर्ना रद्ध गरिने छ ।
- भर्ना भई कक्षा सञ्चालन भएको मितिले ७ दिनसम्म उचित कारण सहितको सूचना विना कक्षामा अनुपस्थित रहने तथा दर्ता फारम दर्ता नगराउने विद्यार्थीहरूको भर्ना रद्द गरी सो स्थानमा योग्यताक्रमानुसार पुनः नाम प्रकाशित गरी भर्ना गरिने छ ।
- कुनै कारणवस कक्षा सञ्चालन हुनु अगावै विद्यार्थी स्वयम्ले भर्ना रद्द गरेमा शिक्षण शुल्कको १० प्रतिशत रकम कट्टा गरी भर्ना रद्द गरिने छ । भर्ना समय सकिएको मितिले ७ दिन भित्र भर्ना रद्द गर्नु परेमा विद्यार्थीले वुझायको सम्पुण रकमको ८० प्रतिशत रकम फिर्ता गरिनेछ ।
- भर्ना समय सकिएको ८ दिन देखि ३० दिन सम्म रद्ध गर्नु परेमा सम्वन्धित विद्यार्थीले वुझाएको सम्पुर्ण शुल्कको ७० प्रतिशत रकम फिर्ता गरिनेछ ।
- भर्ना समय सकिएको ३१ दिन पछि भर्ना रद्ध गर्नु परेमा कुनै पनि रकम फिर्ता हुने छैन ।
- पाठ्यांश पुरा गरेर वा नगरी कुनै किसिमले क्याम्पस छोडेको एक वर्ष भित्र मात्र क्याम्पस धरौटी वाहेक अन्य धरौटी फिर्ता गरिनेछ । तर क्याम्पस धरौटी स्नातक तह पूरा गरेपछि एक वर्ष भित्रमा फिर्ता गरिने छ र बीचमा पढाई छाडेमा विद्यार्थीहरुको हकमा धरौटी जफत गरिने छ ।
- ग्र्याजुएट स्कुल अफ एग्रीकल्चर एण्ड फरेष्ट्रि अन्तरगतका विभागहरुमा कुनै तहमा भर्ना भई बीचैमा अध्ययन छाडेका वा छुटाएका विद्यार्थीहरूले सम्बन्धित क्याम्पसमा सर्म्पक राखी छुटेको वर्ष/खण्डको अध्ययन नियमानुसार पुनः चालु गर्न सक्नेछन् । यस्तो अवस्थामा उक्त कार्यक्रममा निर्धारित सीट खाली भएमा मात्र छुटेको बर्ष वा खण्डको अध्ययन गर्ने पाउनेछ । यस्ता विद्यार्थीहरूले कक्षा सञ्चालन हुनु

भन्दा १५ दिन अगावै प्रकृया पूरा गरिसक्नुपर्ने छ र नया भर्नामार्फत प्रथम सत्रदेखि पढाई सूरु गर्न पाउने छैनन् र यसरी भर्ना भएमा भर्ना रद्द गरिने छ।

**१३.सत्रान्त तथा मध्यवर्ती परीक्षा सम्वन्धि व्यवस्था**

(क) **आन्तरिक मूल्याङ्कन**

१) ग्याजुएट स्कुल अफ एग्रीकल्चर एण्ड फरेष्ट्रिको नियमानुसार अध्ययनरत विद्यार्थीको उपस्थिति कम्तिमा ८० प्रतिशत हुनुपर्नेछ।

२) प्रत्येक विषयको आन्तरिक मूल्याङ्कनमा (Internal Assessment)उत्तीर्ण हुनुपर्नेछ । आन्तरिक मूल्याङ्कनमा अनुतीर्ण भएमा सो विषयको अर्ध वार्षिक परीक्षा (Final Semester) मा समावेश हुन पाइने छैन।

३) कुनै विषयको पाठ्यक्रम संशोधन भएमा पुनः परीक्षा दिनेहरूले संशोधित पाठ्यक्रमको आधारमा पुनः परीक्षा दिनु पर्ने छ।

ख) **अन्तिम परीक्षा**

१) यस ग्याजुएट स्कुल अफ एग्रीकल्चर एण्ड फरेष्ट्रि अन्तर्गत अध्यापन गरिने सबै तहको परिक्षाहरु परीक्षा GSAF ले संचालन गर्नेछ। परीक्षा व्यवस्थापनले तयार गरेको शैक्षिक पात्रो अनुसार हुने छ।

२) विद्यार्थीहरूले ४ बर्षे शैक्षिक कार्यक्रम बढीमा ६ वर्षमा समाप्त गर्नु पर्ने छ।

३) B.Sc. Agricultureकार्यक्रममा स्नातक तह अध्ययन पुरा गर्ने विद्यार्थीहरूलाई कृषि शास्त्री उपाधि प्रदान गरिने छ।

**१४.विद्यार्थी भर्ना रोक्का, छात्रवृति र पदक**

छात्रवृत्ति र पदक मध्यपश्चिम विश्वविद्यालय वा ग्याजुएट स्कुल अफ एग्रीकल्चर एण्ड फरेष्ट्रिले समय समयमा सूचना गरे अनुसार वा व्यवस्था गरे बमोजिम हुनेछ।

## १५. विश्वविद्यालय दर्ता, क्याम्पस पत्र र पुस्तकालय सदस्यता

क) मध्यपश्चिम विश्वविद्यालयमादर्ता भइसकेका आवेदकले दर्ता भएको विवरण पत्रको फोटोकपी बुझाउनुपर्ने छ र नभएकाले २ प्रति पासपोर्ट साईजको फोटो बुझाई तोकिएको मिति भित्र दर्ता फारम भर्नु पर्ने छ।

ख) क्याम्पस परिचयपत्र र पुस्तकालय सदस्यता पत्र क्याम्पसले प्रदान गर्नेछ। यसका लागि तोकिएको मितिमा निम्नानुसारका फोटाहरू लिई विद्यार्थी स्वयं उपस्थित हुनुपर्ने छ।

- हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति।
- हालसालै खिचिएको अटोसाइजको फोटो २ प्रति।
- उपरोक्त कार्यहरुका लागि बुदा न. १५अनुसार क्याम्पसले सूचना गरेको दिनमा अनिवार्य उपस्थित हुनुपर्ने छ।

**१६.विद्यार्थीहरूको आचार संहिता सम्वन्धि व्यवस्था**

१. **ऐन र नियम पालना गर्नुपर्ने :** विद्यार्थीले ऐन, नियम, विश्वविद्यायको विभाग वा कुनै संगठन वा निकायको कार्यप्रणाली, निर्देशन, सूचना र परिपत्र आदि पालना गर्नु पर्नेछ।

२. **शैक्षिक कार्यक्रममा सरिक हुनुपर्ने :** विश्वविद्यालय वा विभागमा भर्ना पाएका नियमित विद्यार्थीले सम्वन्धित शैक्षिक कार्यक्रममा तोकिए वमोजिम सरिक हुनुपर्ने छ।

३. **विश्वविद्यालयलाई सहयोग गर्नुपर्ने:** आफु अध्ययनरत विश्वविद्यालयको गरिमा प्रतिष्ठा र मर्यादाको अभिवृद्धिका लागि विद्यार्थीले सक्दो योगदान, सहयोग र सद्भावना राख्नुपर्ने छ।

४. **पारस्परिक सम्वन्ध र सहयोग गर्नुपर्ने** : एक विद्यार्थीले अर्को विद्यार्थीमा सुसम्वन्ध, सद्व्यवहार, सहयोग, सद्भावना तथा शिष्टाचार जागृत गराउनु पर्ने छ।

५. **विद्यार्थी अनुशासनमा रहनु पर्ने** : विश्वविद्यालयको हाता वा क्षेत्रभित्र र बाहिर विद्यार्थी अनुशासनमा रहनुपर्नेछ ।

६. **विद्यार्थीहरूले शिक्षक र पदाधिकारीहरूलाई आदर गर्नुपर्ने** : विद्यार्थीहरूले पदाधिकारी, शिक्षक र कर्मचारीलाई आदरसूचक सम्बोधन र व्यवहार गर्नु पर्नेछ ।

७. **वास्तविक तथ्य प्रकाश गर्नुपर्ने** :विश्वविद्यालयमा भर्ना पाउन, कुनै छात्रवृत्ति, पदक वा सहुलियत वा अन्य कुनै अधिकार वा काम पाउन विद्यार्थीले आफ्नो जन्ममिति, जन्मस्थान, ठेगाना, शैक्षिक उपाधि वा अन्य कुरा ढाट्नु वा लुकाउनु वा झुटो विवरण दिनु वा अन्य यस्तै अवाञ्छनीय र अनुचित काम कुरा गर्नु गराउनु हुँदैन ।

८. **विश्वविद्यालयको हाताभित्र गर्न नहुने** :विद्यार्थीले विश्वविद्यालयको हाताभित्र देहायका कामकुरा गर्नु गराउनु हुँदैन :

(क) क्यामपस प्रमुख वा अधिकार प्राप्त अधिकारीको पूर्व स्वीकृति विना सार्वजनिक सभा, प्रदर्शनी, खेलकुद, नाचगान, नाटक, चलचित्र प्रदर्शन, सांस्कृतिक वा मनोरञ्जन कार्यक्रमको आयोजना वा संचालन गर्न गराउन ।

(ख) कुनै घातक हात हतियार र अवाञ्छनीय वा निषेधित वस्तु सहित उपस्थित हुनु वा भेला गर्न गराउन ।

(ग) हुलहुज्जत, दबाब, प्रभाव, जबर्जस्ती, तोडफोड, अश्लिल इसारा र कुटपिट, हरहमला, गालीगलौज, अभद्र व्यवहार र घेराउ गर्न गराउन ।

(घ) शैक्षिक र प्राज्ञिक वातावरणमा अस्वस्थता वा प्रतिकूलता ल्याउनु वा ल्याउन लगाउन ।

(ङ) फोहरमैला र अन्य दूषित काम गर्न गराउन ।

(च) निषेधित क्षेत्रमा प्रवेश गर्न गराउन ।

(छ) विश्वविद्यालयको विभाग वा कुनै संगठन वा निकायको प्रमुखबाट निषेधित भनी तोकिएको अन्य काम गर्न गराउन ।

९. **क्याम्पस, कक्षा र प्रयोगशाला आदिमा सम्मिलित हुन नपाउने** :एक विभाग वा शिक्षण संस्थामा भर्ना लिई बिना स्वीकृति कुनै विद्यार्थी वा व्यक्तिले अर्को कुनै विभाग अध्ययन वा अभ्यास आदिका लागि सम्मिलित हुनु हुदैन।

१०. **विश्वविद्यालयको सम्पत्तिमा हानी नोक्सानी पुऱ्याउनु नहुने** : विद्यार्थीले विश्वविद्यालय वा त्यसको कुनै सङ्गठन वा निकायको भवन, फर्निचर, पुस्तक, सामग्री, यन्त्र, उपकरण, औजार, वस्तु लगायत गैरअचल एवं चल सम्पत्तिको हिनामिना, हानी नोक्सानी वा दुरुपयोग गर्नु गराउनु हुदैन ।

११. **विश्वविद्यालयका पदाधिकारी तथा शिक्षक कर्मचारीलाई अनुचित दबाब दिन नहुने** : कुनै पदाधिकारी, शिक्षक, कर्मचारी एवं विद्यार्थी अन्य कुनै व्यक्तिलाई मानसिक वा शारीरिक कष्ट दिने मनसायले कुनै अनुचित कामकुरा गर्नु गराउनु हुदैन ।

१२. **अनुमति विना कक्षा प्रवेश गर्न र छोड्नु हुँदैन** :शिक्षकले प्राध्यापन वा मार्गदर्शन वा निर्देशन दिईरहेको कक्षा, प्रयोगशाला वा अन्य कुनै स्थानमा निजको अनुमति नलिई विद्यार्थीले प्रवेश गर्न वा त्यहाँबाट निस्कनु हुदैन ।

१३. **शुल्क वा अन्य अतिरिक्त रकम समयभित्रै तिर्नुपर्ने** : विश्वविद्यालय, त्यसको विभाग वा अन्य कुनै निकायले लगाएको शुल्क वा अन्य रकम सम्बन्धित विद्यार्थीले तोकिएको म्यादभित्र नियमित रुपले तिर्नुपर्ने छ ।

**परिचयपत्र साथमा राख्नुपर्ने** : विद्यार्थीले विश्वविद्यालयको विभाग वा कुनै सङ्गठन वा निकायमा प्रवेश गर्दा वा रहँदाको समयमा आफ्नो परिचयपत्र आफुसाथै राख्ने गर्नुपर्दछ । विश्वविद्यालय वा विश्वविद्यालयको कुनै सङ्गठन वा निकायले विद्यार्थीका लागि तोकिएको पोसाक अनिवार्य रुपमा लगाई विभाग वा कक्षामा प्रवेश गर्नुपर्ने छ ।
**पुस्तक-लागायत अन्य बक्यौता बुझाउनुपर्ने** : विभाग वा विश्वविद्यालयको कुनै सङ्गठन वा निकायमा आफ्नो अध्ययन वा सत्र वा अवधि समाप्त भएपछि विद्यार्थीले आफुले पुस्तकालयबाट लिएको पुस्तक वा अन्य सामग्री वा बुझाउन बाँकी रहेको रकम वा अन्य बक्यौता तोकिएको म्यादभित्र अनिवार्य रुपमा बुझाउनु पर्ने छ ।

## १७. परीक्षाको प्रयोजनका लागि विद्यार्थीहरूको आचार संहितासम्बन्धी व्यवस्था :

१) परीक्षार्थीले परीक्षा भवन छाड्नुअघि आफ्नो उत्तरपुस्तिका सम्बन्धित निरीक्षकलाई बुझाउनुपर्ने छ ।

२) परीक्षा सञ्चालन कार्यमा खटिएका कुनै पनि व्यक्तिहरू उपर परीक्षार्थीले अभद्र व्यवहार, हूलहुज्जत, हातपात तथा कुटपिट जस्ता कार्य गर्नु हुँदैन । कुनै परीक्षार्थीले त्यस किसिमको कार्य गरेमा, गरेको कार्यको अनुपातमा केन्द्रीय परीक्षा सञ्चालन समितिले सम्बन्धित परीक्षा रद्द गर्नुका साथै निज परीक्षार्थीलाई एक वर्ष देखि चार वर्षसम्म कुनै पनि परीक्षामा सम्मिलित हुन नपाउने गरी निष्कासन गर्न सक्नेछ । त्यस निष्कासनको सूचना सञ्चार माध्यमबाट प्रसारण गरिने छ ।

३) परीक्षार्थीले व्यक्तिगत वा सामूहिक रुपमा आफ्नो वा अरुको परीक्षा विथोल्ने जस्ता कार्य गर्न पाउने छैन । त्यस्तो कार्य गर्ने परीक्षार्थीलाई कारवाहीको निमित्त स्थानीय प्रशासनको जिम्मा लागाइने छ ।

४) परिक्षार्थीले आफु सम्मिलित हुनुपर्ने परीक्षामा आफै सम्मिलित हुनु पर्नेछ र अरुलाई सम्मिलित गराउनु हुँदैन । यदि अरुलाई सम्मिलित गराएको प्रमाणित हुन आएमा परीक्षार्थीलाई परीक्षा सञ्चालक समितिले बढीमा चार वर्षसम्म निष्काशन गर्ने निर्णयका साथै फौजदारी अभियोगको कारबाही चलाउन स्थानीय प्रशासनलाई जिम्मा लगाईनेछ र विश्वविद्यालयको कुनै पनि परीक्षामा चार वर्षसम्म सम्मिलित हुनबाट बन्चित गर्न सकिने छ ।

## १८. कारबाही र सजाय

(१) यस नियमको, मध्यपश्चिम विश्वविद्यालय, संगठन तथा शैक्षिक-प्रशासनिक नियमावलीको परिच्छेद २८ मा उल्लेखित कुनै आचार संहिता र विश्वविद्यालयको अन्य नियम र कार्यप्रणाली कुनै विद्यार्थीले उल्लघंन गरेमा उल्लघंन गरेको आचार-संहिताको प्रकृति, किसिम र मात्रा हेरी त्यस्ता उल्लघंनकर्ता विद्यार्थीलाई देहायको कुनै एक वा सो भन्दा बढी सजाय दिन सकिने छ ।

१) चेतावनी
२) लिखित नसिहत
३) हानि नोक्सानी वा क्षतिपूर्तिको पुरै वा आंशिक रकम ।
४) बढीमा १५ दिन सम्म कक्षा वा प्रयोगशालाबाट समेत निलम्बन ।
५) कुनै निर्धारित समयका लागि क्याम्पसवाट निष्काशन ।
६) क्याम्पसमा निश्चित अवधिकालागि भविष्यमा शैक्षिक कार्यक्रममा प्रवेशका लागि रोक्का ।
७) विश्वविद्यालयमा कुनै निश्चित अवधिका लागि अध्ययन गर्न नपाउने गरी निष्कासन ।

२) उपनियम (१) को खण्ड (७) बाहेक अन्य उल्लिखित सजाय गर्ने अधिकार सम्बन्धित विद्यार्थी दर्ता भएको वा अध्ययनरत क्याम्पस वा विश्वविद्यालयको कुनै संगठन वा निकायको प्रमुखलाई हुनेछ ।

३) उपनियम (१) को खण्ड (७) को सजाय दिनु परेमा उपनियम (२) मा तोकिएको पदाधिकारी वा अधिकारीको सिफारिसमा कार्यकारी परिषद्ले गर्न सक्ने छ ।

४)	उपनियम (१) मा उल्लिखित कारवाही को प्रकृया वा तरिका उपनियम (२) र (३) मा तोकिएको पदाधिकारी वा अधिकारी आफैले तोक्न वा व्यवस्थित गर्न सक्नेछ ।

५)	सम्बन्धित क्याम्पस / कलेजहरुमा  विद्यार्थी भर्ना हुँदा जानकारी पुस्तिकामा उल्लेख भए अनुसार हुनेछ ।

## १९. अन्य जानकारी

- सम्पूर्ण शैक्षिक गतिविधिहरू र क्याम्पसमा  हुने विदाहरूको सम्बन्धमा ग्र्याजुएट स्कुल अफ एग्रीकल्चर एण्ड फरेष्ट्रिलेप्रकाशित गरिने शैक्षिक पात्रो (Academic Calendar)बाट जानकारी लिन सकिने छ ।
- क्यामपसमा आवत जावतका लागि दैनिक यातायातको व्यवस्था विद्यार्थी स्वयंले गर्नुपर्नेछ ।

## २०.प्रवेश परीक्षाको अंक वितरण

स्नातक तहमा भर्नाको लागी अङग्रेजी, रसायनशास्त्र, भौतिकशास्त्र, गणित, प्राणिशास्त्र, वनस्पतिशास्त्र र कृषि तथा सामान्यज्ञान गरी ७ विषयहरुको जम्मा २ घण्टाको  १०० वटा वस्तुगत (Objective Type) प्रश्नहरू हुनेछन् ।

| क.स. | विषय | संख्या | क.स. | विषय | संख्या |
|---|---|---|---|---|---|
| १ | अङ्ग्रेजी | १५ | ५ | प्राणि शास्त्र | १५ |
| २ | रसायन शास्त्र | १५ | ६ | वनस्पतिशास्त्र | १५ |
| ३ | भौतिक शास्त्र | १५ | ७ | कृषि र सामान्य ज्ञान | १५ |
| ४ | गणित | १० | ……… | ………. | ………….. |

## २१. प्रवेश परीक्षाको विषयगत पाठ्यक्रम

**Subject: English** **Full marks: 15**

Communicational English practices on a variety of topics and style with special references to (i) General and (ii) Technical English.

**Grammar-Familiarity with the following aspects:**

Parts of speech, Basic Grammatical Patterns/Structures, Tense and Aspects, Conditional Sentences, Verbal: infinitives, Participles and Gerunds, Direct and Indirect Speech, Active and Passive voice, Kinds of Sentences, Transformation of sentences, Concord/Agreement, Vocabulary, Use of Prepositions, Idiomatic expressions, Punctuation, Phonemes and phonetic symbols, Word Stress,Antonyms and Synonyms.

## Subject: Chemistry

**Full marks: 15**

**Stoichiometry**

Mole concept, Equivalent weight, Limiting reagent.

**Atomic Structure**

Rutherford’s X-ray scattering experiment, Bohr's atomic model, Spectrum,Quantum numbers, de-Broglie's wave equation, Heiserberg's vncertainty principle, Afbav principle, Electronic configuration.

**Oxidation and Reduction**

Classical and electronic concept, Balancing of redox reaction, Faraday's law of electrolysis, ECE and CE.

**Periodic Table**

Modern periodic table and Periodicity.

**Volumetric analysis**

Titration, Choice of indicator, Normality, Molarity and numerical calculations.

**Ionic equilibrium**

Ostwald's dilution law and solubility product principle calculations.

**Electrochemistry**

Galvanic cell, electrochemical series.

**Thermodynamics**

Enthalpy, Entropx and free energy concept.

**Inorganic chemistry**

Extraction of Iron, Copper, Mercury.

Coordination Compounds: Properties and examples.

**0rganic Chemistry**

IUPAC Nomenclature, Haloalkane & Haloarane.

Alcohol and Phenol (Chemical property), Ether (Preparation)

Aldehyde and Ketone (Chemical property)

Carboxylic acid and derivatives, organometallic compounds (examples only), amino compound.

**State of matter**

Gas laws (Boyle's, Charle's ideal gas equation, Dalton's law of partial pressure, Graham's law of diffusion)

Property of liquid: Viscosity and Surface tension, 7-crystal system.

## Subject: Physics

**Full marks: 15**

**1. Mechanics**

Vectors, Kinematics & Dynamics, Work, Energy & Power, Circular motion, Gravitation, Elasticity, Rotational motion, Periodic motion, Fuild statics.

**2. Heat and Thermodynamics**

Thermal explansion, Quantity of heat, First law of thermodynamica, Second law of thermodynamica (Kelvin's and Clausis's statement, Heat engine &its efficiency).

**3. Wave and Optics**

Reflection at curved mirrors, lateral shift, Refraction through prism, Lens formula and lens maker's formula, Progressive wave and stationary wave, Mechanical waves, Doppler's effect, Huygen's Principle and it's applications, Interference, Diffraction and polarization of light, Waves in pipe and string.

**4. Electricity and Magnetism**

Electric charges, Coulomb's law, Permittivity, Electric field, Gauss's law and it's applications, Electric potential and potential energy, Capacitors, Ohm's law, Resistor & Resistance, Electrical circuits, Magnetic fields, Magnetic properties of materials, Electromagnetic induction, A.C. cuments (LCR circuit).

**5. Modern Physics**

Electrons, Photons, Nuclear physics, Semiconductor devices, Quantization of energy, Radioactivity, Recent trends in physics:- Elementary particles, Quark model, Black hole & Gravitational wave, Seismology, Higgs Boson.

## Subject: Mathematics

**Full marks: 10**

**Algebra**

Set, Relations and functions, Matrices and determinant, Comples numbers, Polynomial equations.

**Trigonometry**

Trigonometric equations and general values, Inverse trigonometric function, Properties of triangles,

**Vectors**

Addition of vector, Multiplications of two vectors.

**Geometry**

Equation of straight line, Pair of straight line, Circle, Parabola, Coordinate in space.

**Statistics**

Central tendency, Dispersion, Skewnes, Correlation and regression, Probability.

**Calculus**

Limi and Continuity, Derivations and application of derivations, Anti derivations.

## <u>Subject: Zoology</u> **Full marks: 15**

Branch of Biology, Evolutionary Biology (Life and its Origin, Evidence of evolution, Human Evolution, Faunal Diversity (Animalia, Earthworm, Frog), Biota and Environment (Animal adaptation, Environmental Pollution), Conservation Biology (Introduction, Wildlife), Introduction on Animal Tissues, Developmental Biology (Gametogenesis, Development of frog), Applied Biology (Application of Zoology, Microbial diseases and application of microbiology), Vermicomposting & importance of Earthworm.

## <u>Subject: Botany</u> **Full marks: 15**

Bio-molecules and Cell Biology (Cell, Cell division), Floral Diversity (Introduction, Fungi, Lichen, Algae, Bryophyta, Pteridophyta, Gymnosperm, Angiosperm), Ecology (Ecosystem ecology, Ecological Adaptation, Ecological Imbalance), Plant Anatomy and Plant tissues, Plant Physiology(Water relation, Photosynthesis, Respiration, Plant Hormone, Plant growth and movements), Embryology (Asexual and sexual reproductions in angiosperms,

pollination, fertilization, development of male and female gametophytes, development of dicot and monocot embryos, concept of endosperm), Biotechnology (Introduction, tissue culture, Plant breeding, disease resistance plants, green manure and bio-fertilizer, bio-pesticide, genetic engineering and GMOs (genetically modified organisms) and application, bio-engineering, food safety and food security).

Genetics: ( DNA, RNA, DNA replication, genetic code, gene-interations, Mendel's experiment and laws, Linkage and crossing over, Sex-linked inheritance, mutation and polyplody).

## Subject: Agriculture and General Knowledge **Full marks: 15**

Statical information on Nepalese Agriculture, Production practices. Scientific name of animal's crops and vegitables. Agriculture related Policy, Act, Regulation, Guidelines and directives. Livestock Production and management, Livestock Statistics, Biodiversity of livestock and their genetic conservation in Nepal, Livestock feeding practices, Milk production, processing and product production technology in Nepal.

Physical, Socio - cultural and economic geography and demography of Nepal. Major events and current affairs of national and international importance, The Constitution of Nepal, Information on sustainable development, environment, pollution, climate change, biodiversity, science and technology. Current periodic plan of Nepal.

## Regulation in Entrance Examination

Please note that sharing your knowledge with other candidate is not only against the examination rules but also against your own interests.

1. As soon as the invigilators inform that the time allocated for exam has over, examinee must stop writing.
2. Examinee should bring their own mathematical box and pen. To borrow anything from the fellow examinees is strictly prohibited.
3. Examinees are not allowed to bring programmable calculator and cell phone in exam hall.

4. Examinee should not engage themselves in any sort of discussion with the invigilators.
5. An examinee breaking the examination regulations will be subjected to a serious punishment.
6. It is not allowed to use any paper and answer sheet book. Whatever a question needs space for answer the facing page may be used. The facing page may be used for rough calculations.

## २२.नमुना प्रश्नहरु (Samle Questions)

1. I work hard and ………………….Ritesh.
   A) So does B) does so C) such does D) does too
2. There is a boy painting the Wall,………………..?
   A) Isn't it B) isn't she C) isn't there D) isn't he
3. Find the mean of First Natural number (1,2,3,4,5)
   A) 3 B) 4 C) 5 D) 6
4. The Next term of the sequence 2,6,12, 20,…..is
   A) 30 B) 40 C) 35 D) 45
5. DNA replicates during
   A) S-phase B) Prophase C) G1 PhaseD) G2 phase
6. Population of different species (Plants and animals) living in the same habitat form a
   A) Community B) Biosphere C) Ecosystem D) Microhabitat
7. Treatment by using attenuated culture of bacteria is called
   A) Chemotherapy B) Antisepsis C) Sterilization D) Vaccination
8. The use of living organism in industry for production of useful products is called as
   A) Parasitology B) Biotechnology C) Biochemistry D) Molecular Biology
9. In the Doppler effect, the frequency depends on:
   A) Velocity of sound B) The velocity of the source C)Velocity of listener D) All of the above
10. Dehydration of alcohol is an example of:
    A) Addition reaction B) Substitution C) elimination D) re-arrangement
11. The number of moles of $Co_2$ which contain 8.00gm of oxygen is
    A) 0.75 B) 1.50 C) 0.25 D) 1.00
12. Which of the following substance is a good conductor of heat and electricity?
    A) Dimond B) NaCl (Solid) C) Graphite D) None of the above
13. In Nepal, what percentage of agricultural land is cultivated?
    A) 21% B) 22% C) 23% D) 24%

14. Scientific Name of Rice?

A) *Oryza Sativa* B) *Triticum aestivium* C) *Solanum Tuberosum* D) *Camellia Sinensis*

15. What is Mount Everest's height?

A) 8848.86 m B) 8848 m C) 78848 m D) 8948 m

16. When was Mid-West University established?

A) 2010 AD B) 2009 AD C) 2008 AD D) 2011 AD

17. Churpi (a dairy product) produced at high altitude of Nepal is considered as

A) Separated milk product B) Coagulated milk product

C) Blended milk product D) Concentrated milk product

18. Which combination of dairy products can be recommended safely for diabetic patients?

A) Kalakand and Burfi B) Chhana and Paneer C) Rusbhari and ice-cream D) Butter and Cream

19. Scientific name of Buffalo is given as…………….

A) *Bos indicus B) Bos Taurus C) Bos grunniens D) Bos bubalis*

20. Which hormone is favoring in the letdown of milk from udder of a lactating cow?

A) Adrenaline B) Oxytocin C) Estrogen D) All above hormones

21. How many heritage properties are listed in world heritage List?

A) 10 B) 12 C) 14 D) 9

22. From which district did tea cultivation originate in Nepal?

A) Ilam B) Jhapa C) Surkhet D) Jumla

23. Entomology deals with the study of

A) Rodents B) Disease C) Insect D) Spider

24. Full form of GSAF is……………

A) General School of Agriculture and Forestry

B) Graduate School of Agriculture and Forestry

C) Golden School of Agriculture and Forestry

D) Government School of Agriculture and Forestry

25) How many local election levels of government are there in Nepal?

A) 752 B) 753 C) 754 D) 755

## २३. विविध जानकारी

- सम्पुर्ण शैक्षिक गतिविधिहरु र क्याम्पसमा हुने विदाहरुको सम्वन्धमा Graduate School of Agriculture and Forestry वाट प्रकाशित गरिने शैक्षिक पात्रो (Academic Calender) वाट लिन सकिने छ ।
- क्याम्पस आवत जावतका लागि दैनिक यातायतको व्यवस्था विद्यार्थी स्वयंले गनुपर्ने छ ।
- प्रतिलिपि प्रमाणित गर्ने व्यवस्था क्याम्पसले गर्ने छैन । अधिकारीक व्यक्ति वाट प्रमाणित गराउने जिम्मेवारी आवेदक स्वयंको हुने छ ।
- यस पुस्तिकामा उल्लेखित व्यवस्था सम्वन्धि अख्तियारवालाले परिवर्तन लागु गर्नको लागि यस पुस्तिकामा छापिएको कुरा वन्देजको रुपमा मानिने छैन । यस पुस्तिकामा प्रकाशित भएको कुनै व्यवस्था मध्यपश्चिम विश्वविद्यालयको ऐन नियमसँग वाझिएमा यो व्यवस्था लागु हुने छैन ।

**धन्यवाद**